नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

## चमेनागृह सञ्चालनसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं २०८३/८४-०१**

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०५/१८**

**यस कार्यालयका कर्मचारी, सेवाग्राही एवम् आगन्तुकहरूको सुविधाका लागि कार्यालय परिसरमा चमेनागृह सेवा सञ्चालन गर्नुपर्ने भएको हुँदा यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा सिलबन्दी दरभाउपत्र खरिद गरी ८ औँ दिन दिनको १२:०० बजेसम्म दरभाउपत्रसाथ दरभाउपत्र फाराममा उल्लिखित अन्य कागजातहरू संलग्न राखी नियमानुसार यस कार्यालयमा दर्ता गराउनुहुन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थालाई यसै सूचनामार्फत आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत बेहोरा दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयको वेबसाइट see.gov.np मा हेर्नुहुन र थप जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।**

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी, भक्तपुर

**चमेना गृह सञ्चालनसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/१८

१. यस कार्यालयमा कार्यरत कर्मचारीहरू, सेवाग्राही तथा आगन्तुकहरूलाई स्वच्छ, सफा र गुणस्तरीय खाना तथा खाजाका बन्दोबस्त गर्न कार्यालय परिसरमा चमेना गृह सञ्चालन गर्नुपर्ने भएको हुँदा उक्त सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३, तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) बमोजिम इच्छुक एवम् योग्य प्रस्तावदाताहरूबाट शिलबन्दी दरभाउपत्रमार्फत प्रस्ताव आह्वान गरिएको छ ।

२. इच्छुक प्रस्तावदाता(व्यक्ति/फर्म/कम्पनी/संस्था) ले मिति २०८३/०५/१८ देखि २४ गतेसम्म कार्यालय समयभित्र आधिकारीक निवेदनसहित पछि फिर्ता नहुने गरी रू.१०००।- (अक्षरेपि एक हजारमात्र रुपियाँ) दस्तुर तिरी यस कार्यालयको जिन्सी शाखाबाट शिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्नुपर्ने छ ।

३. खरिद गरिएको दरभाउपत्र दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ८ औँ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।

४. प्रस्तावदाताले दरभाउपत्रसाथ तपसिलबमोजिमका कागजातहरू अनिवार्य पेस गर्नुपर्ने छ ।(सि.नं (ङ) र (च) बाहेकका अन्य कागजातहरूको हकमा नोटरी पब्लिकबाट प्रमाणित गराई सोको प्रमाणितप्रति पेस गर्नुपर्ने )
तपसिलः
क) फर्म/कम्पनी/संस्था दर्ताको प्रमाणपत्र वा व्यवसाय दर्ताको इजाजतपत्रको प्रतिलिपि (चालु आ.व.को लागि नवीकरण समेत भएको),
ख) मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
ग) आ.व. २०८१/८२ को कर चुक्ता गरेको प्रमाणपत्र तथा आ.व. २०८२/०८३ को आय विवरण दाखिला गरेको निस्सा वा विवरण
घ) सरकारी वा अर्धसरकारी निकायहरूमा कम्तीमा ३ (तीन) वर्ष चमेनागृह सञ्चालन गरेको अनुभवसम्बन्धी प्रमाणपत्र
ङ) जमानतबापत रू. १,००,०००।- (अक्षरेपि एक लाखमात्र रूपियाँ) रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैङ्क लि., कमलविनायक भक्तपुर शाखामा रहेको धरौटी खाता नं. ०१९०१००००२००३००००१ (कार्यालय कोड नं. ३५०३१३३०१) मा नगदै जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा उक्त रकम बराबरको यस कार्यालयको नाममा वाणिज्य बैङ्कबाट जारी भएको कम्तीमा नब्बे दिन (दरभाउपत्र खोलेको मितिबाट लागू हुने) म्याद भएको बैङ्क जमानत (बिडबन्ड) को सक्कलै प्रति
च) चमेना गृह सेवा खरिदसम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको तथा पेसा वा व्यवसायसम्बन्धी कसुरमा आफू वा प्रस्तावित फर्म/कम्पनी/संस्थाले कुनै सजाय नपाएको/कालोसूचीमा नपरेको लिखित स्वः घोषणा ।

५. कार्यालयमा रितपूर्वक दर्ता भएका दरभाउपत्रहरू ८ औँ दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरूको रोहबरमा यस परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमी, भक्तपुरमा खोलिने छ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतका मान्य अवधीको गणना पूर्व निर्धारित मितिदेखि नै गरिने छ ।

६. दरभाउपत्रको मान्य अवधी दरभाउपत्र खोलिएको मितिदेखि ७५ दिनको हुने छ ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरू बिदाका लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

८. दरभाउपत्रमा आइटमवाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अङ्क र अक्षरबिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप अनिवार्य भएको हुनुपर्ने छ ।केरमेट/अस्पष्ट भएमा कार्यालयको निर्णय अन्तिम हुने छ ।

९. म्याद नाघी आएको, रित नपुगेको र दरभाउपत्रदाताले कुनै सर्त राखी पेस गरेको दरभाउपत्र स्वीकार हुने छैन ।

१०. एक फर्म, संस्था वा कम्पनीका नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेस गर्न पाइने छैन ।

११. चमेनागृह सञ्चालन गर्ने करार अवधीभित्र कुनै किसिमको मूल्यवृद्धि गर्न पाइने छैन ।

१२. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परीक्षा नियन्त्रणमा सुरक्षित रहने छ ।

१३. सूचनामा उल्लेख नभएका कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुनबमोजिम हुने छ ।

१४. दरभाउपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा, दरभाउपत्रसम्बन्धी कागजात हेर्नु परेमा वा थप जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।